त्रिभुवन विश्वविद्यालय
# शिक्षाशास्त्र संकाय
## परीक्षा नियन्त्रण महाशाखा
बल्खु, काठमाडौं, नेपाल

मिति २०८२।९।९

## स्नातकोत्तर तह चौथो सत्रान्त (M.Ed. and MSSEd 4th Semester) को परीक्षा फाराम भर्ने/भराउने सम्बन्धी सूचना

२०८२ साल माघ/फागुन महिनामा सञ्चालन हुने शिक्षाशास्त्र सङ्कायअन्तर्गत सेमेस्टर प्रणालीमा आधारित स्नातकोत्तर तह (M.Ed. and MSSEd) चौथो सेमेस्टर (खुल्ला तथा दूर सिकाइ समेत) को नियमित तथा आंशिक परीक्षामा सम्मिलित हुन चाहने विद्यार्थीहरूले आ-आफ्नो क्याम्पसमा सम्पर्क गरी परीक्षा आवेदन फारम भौतिक तथा अनलाइन (Online) मार्फत **यही २०८२ साल माघ ८ गतेसम्म** भर्न/भराउन हुन सम्बन्धित सबैलाई सूचित गरिन्छ । तोकिएको समयमा परीक्षा फारम भर्न छूट हुने विद्यार्थीहरुले दोब्बर शुल्कमा यही **२०८२ माघ ९ गतेदेखि १७ गतेसम्म** परीक्षा आवेदन फारम भर्न सक्नेछन् । सबै सम्बन्धित क्याम्पसहरुले आवेदन फारमवापत संकलित शुल्क एकल शुल्कको हकमा **२०८२ साल माघ ११** गतेसम्म तथा दोब्बर शुल्कको हकमा **२०८२ साल माघ १८** गतेसम्ममा यस संकायको बैंक खातामा जम्मा गरेको सक्कल भौचर संलग्न गरी आ-आफ्ना क्याम्पस/कलेजमा अध्ययनरत विद्यार्थीहरुको भौतिक परीक्षा फारममा तोकिएको ठाउँमा सम्बन्धित विद्यार्थीहरुको सबै विषयको आन्तरिक मूल्यांकन अंक प्रविष्ट गरी यस डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा **यही २०८२ साल माघ २३ गतेसम्म** पुग्ने गरी पठाउने व्यवस्था मिलाउनु पर्नेछ ।

पुनश्च:

- विद्यार्थीहरुले यस संकायको वेभसाइट: tufoe.edu.np को online मा गई नियमित तथा आंशिक/मौका परीक्षाका लागि विद्यार्थीहरुले त्रि.वि. रजिष्ट्रेशन नम्बरमार्फत मात्र अनलाइन परीक्षा आवेदन फारम भर्न सक्नेछन् । सम्बन्धित क्याम्पस/कलेज/विभागले आ-आफ्ना क्याम्पसका विद्यार्थीहरुलाई भौतिक रुपमा समेत परीक्षा फाराम भराउनु पर्नेछ । सम्बन्धित क्याम्पसमा भौतिक परीक्षा आवेदन फाराम नपुगेको भएमा यस संकायको वेभसाइटबाट समेत डाउनलोड गर्न सकिनेछ ।
- २०७६ र सोपछिका ब्याचका विद्यार्थीहरूले मात्र परीक्षा आवेदन फाराम भर्न पाउनेछन् ।
- परीक्षा आवेदन फारमवापत नियमित तथा आंशिक परीक्षाका लागि फारम शुल्क प्रति विद्यार्थी रु. १५००।- (एक हजार पाँचसय रुपैयाँ) तथा ODL/ICTE/MSSEd को हकमा प्रति विद्यार्थी रु.२५००।- (दुई हजार पाँचसय रुपैयाँ) लाग्नेछ । जुन विद्यार्थीहरुले सम्बन्धित क्याम्पसमार्फत बुझाउनु पर्नेछ ।
- विद्यार्थीहरुले परीक्षा फारममा विवरण भर्दा शुद्धसँग भर्नुपर्नेछ । Online form भर्दा कुनै समस्या भएमा सम्वन्धित क्याम्पसमा सम्पर्क गर्नुपर्नेछ ।
- क्याम्पस तथा कलेजको परीक्षा शाखाले विद्यार्थीहरुले प्राप्त गरेको आन्तरिक मूल्यांकनको अंक अनलाइन परीक्षा फारममा प्रविष्ट (Entry) गर्नुपर्नेछ ।
- भौतिक परीक्षा आवेदन फाराम डीन कार्यालयमा बुझाउन ल्याउँदा संकलित शुल्क बैंक दाखिला गरेको सक्कल भौचर डीन कार्यालयको लेखा शाखामा बुझाउनुपर्नेछ ।

सहायक डीन